# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### चकचकी, झापा

प.सं. ०७८/७९
च.नं.

१ नं. प्रदेश नेपाल

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।
(प्रथम पटक प्रकाशित मिति : २०७९-०३-२८)

प्रस्तुत विषयमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सहायक पदपूर्ति सम्बन्धमा च.नं. ३६३ मिति २०७९/०३/२२ को पत्रानुसार यस गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) जना करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०३/०७८/७९ | रोजगार सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

(१) आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको,

ख) सीप : आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,

ग) उमेर : कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

(२) दरखास्त दिने स्थान : बाह्रदशी गाउँ कार्यपालिकाको कार्यालय।

(३) दरखास्त दिने अन्तिम मिति :- यो सूचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समयभित्र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन।

(४) आवेदनको दस्तुर : रु. ५००।-

(५) छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

(६) आवेदन साथ संलग्न कागजातहरु आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु,

- नागरिकता,
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र,
- कामसँग सम्बन्धित अनुभव भए सो को प्रमाणपत्र,
- चारित्रिक प्रमाणपत्र,
- तालिमको प्रमाणपत्र,
- २ प्रति पासपोर्ट आकारका फोटो,

(७) सेवा सुविधा तथा अन्य : स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

८) आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा यस बाह्रदशी गाउँपालिकाको www.bahradashimun.gov.np वेभसाइटबाट प्राप्त गर्न सकिने छ।

चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकीय अधिकृत

चित्र प्रसाद गुरागाँई
प्रमुख प्रशासकीय अधिकृत